सुदूरपश्चिम प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय

Email:mosdkailali07@gmail.com
Website: mosd.sudurpashchim.gov.np
०९१-५२४५६३ (प्रशासन)
०९१-५२७१०६ (उच्च शिक्षा)
०९१-५२६०५८ (कानून शाखा)
कैलाली, नेपाल

मितिः- २०८३।०३।१२

## प्रेस विज्ञप्ति

लम्कीचुहा प्रादेशिक अस्पताल, कैलालीमा कार्यरत निमित्त मेडिकल सुपरिन्टेन्डेन्ट (मेसु) प्रति लम्कीचुहा नगरपालिकाका नगर प्रमुखज्यूबाट भएको भनिएको व्यवहार तथा सो सम्बन्धमा निज मे.सु. को निवेदन, विभिन्न सञ्चारमाध्यम र सामाजिक सञ्जालमा आएका समाचारप्रति यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ। स्वास्थ्यकर्मी, चिकित्सक, नर्स तथा स्वास्थ्य सेवामा खटिएका कर्मचारीहरू दिनरात नागरिकको जीवन रक्षा, उपचार र स्वास्थ्य सेवामा समर्पित रहँदै आएका राष्ट्रका महत्वपूर्ण जनशक्ति हुन्। उनीहरूको पेशागत मर्यादा, आत्मसम्मान र सुरक्षित कार्य वातावरणको संरक्षण गर्नु राज्यको दायित्व हो। स्वास्थ्यकर्मीहरूको पेशागत सम्मान, सुरक्षा तथा मनोबलमा आँच पुग्ने जुनसुकै गतिविधिप्रति मन्त्रालय संवेदनशील रहेको र आवश्यक पर्दा कानुनबमोजिम संरक्षण तथा उचित पहल गर्न दृढ रहेको व्यहोरा स्पष्ट गर्दछ। नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने हक सुनिश्चित गरेको छ। उक्त संवैधानिक अधिकारको प्रभावकारी कार्यान्वयनका लागि स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीले कानुनबमोजिम निर्धक्क, सुरक्षित र पेशागत स्वतन्त्रतासहित सेवा प्रवाह गर्न पाउने वातावरण अनिवार्य हुन्छ। स्वास्थ्य सेवाको नियमित सञ्चालनमा अवाञ्छित दबाब, धम्की, अभद्र व्यवहार वा गैरकानुनी हस्तक्षेप हुनु स्वास्थ्य सेवा प्रणाली, सुशासन तथा कानुनी शासनको सिद्धान्तविपरीत हुन जान्छ। प्रचलित संघीय एवं प्रदेश कानुनले स्वास्थ्य संस्थाको नियमित सेवा सञ्चालन, स्वास्थ्यकर्मीको सुरक्षा, पेशागत मर्यादा र सार्वजनिक पदाधिकारीको कानुनी जिम्मेवारीलाई स्पष्ट रूपमा संरक्षण गरेका छन्। यी कानुनहरूको पालना गर्नु सबै सरोकारवालाको समान दायित्व हो। प्रदेश सरकारअन्तर्गतका अस्पतालमा कार्यरत कर्मचारीहरूले प्रचलित कानुन, मापदण्ड तथा मन्त्रालयबाट जारी नीति– निर्देशनबमोजिम कार्यसम्पादन गर्ने भएकाले कुनै प्रशासनिक, व्यवस्थापकीय वा कर्मचारी सम्बन्धी विषयमा असहमति भएमा सम्बन्धित कानुनी तथा संस्थागत प्रक्रियामार्फत समाधान खोजिनु पर्दछ। सेवा प्रवाहमा प्रत्यक्ष असर पर्ने गरी दवाब सिर्जना गर्नु वा कार्यसम्पादनमा अवरोध पुर्‍याउनु कानुनी रूपमा स्वीकार्य हुन सक्दैन। स्थानीय सरकार, सबै जनप्रतिनिधि, राजनीतिक दल, कर्मचारी, नागरिक समाज तथा सरोकारवालाहरूलाई स्वास्थ्य संस्थाको गरिमा, चिकित्सक तथा स्वास्थ्यकर्मीको पेशागत स्वतन्त्रता र पारस्परिक सम्मान कायम राख्न र आम नागरिकले निर्बाध रुपमा स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकारको संरक्षण गर्न हार्दिक अनुरोध गर्दछ। साथै, प्रदेश सरकार मातहतका स्वास्थ्य संस्थामा कार्यरत सम्पूर्ण स्वास्थ्यकर्मीहरूको पेशागत मर्यादा, सुरक्षा तथा सम्मानको संरक्षणप्रति मन्त्रालय प्रतिबद्ध रहेको व्यहोरा समेत जानकारी गराइन्छ।

प्रवक्ता

२०८३।०३।१२